# सुनापती गाउँपालिकाको व्याक हो लोडर (जे.सि.वि.) संचालन सम्बन्धी कार्यविधि, २०७५

## प्रस्तावनाः

यस गाउँपालिकाको विकास निर्माणको कार्यलाई प्रभावकारी रुपमा अघि बढाउन तथा व्याक लोडर संचालन, प्रयोग, मर्मत संभार, ईन्धन तथा अपरेटरको व्यवस्थापन पक्षलाई सुदृढ तुल्याउन साथै सो को जे.सि.वि संचालन कोष मार्फत कार्यालयको यान्त्रिक उपकरणलाई व्यवस्थित रुपमा संचालन गर्न सनापति गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम सनापति गाउँकार्यपालिकाको मिति २०७५/०७/१९ मा बसेको बैठकले यो कार्यविधी स्वीकृत गरी लागु गरेको छ ।

(१) यस गाउँपालिकाको व्याक हो लोडर (जे.सि.वि.) प्रयोग गर्नुपरेमा वडा कार्यालयको प्रयोजनको लागि वडा कार्यालयको सिफारिस पत्र र व्यक्तिगत प्रयोगको लागि प्रयोगकर्ताले परिचय खुल्ने नागरिकता प्रमाणपत्र परिचय पत्र/पासपोर्ट/मतदाता परिचयपत्र मध्ये कुनै एकको प्रमाणित प्रतिलिपि साथ जे.सि.वि. सञ्चालन तथा अनुगमन समितिको सिफारिस साथ यस कार्यालयमा निवेदन दर्ता गर्नुपर्ने छ ।

(२) काम भएको ठाउँमा यान्त्रिक उपकरणको कुनै पनि हानि नोक्सानी, चोरी नहुने अवस्थाको व्यवस्था तथा रेखदेख गर्ने उत्तरदायित्व निवेदक स्वयम्‌को हुनेछ ।

(३) जे.सि.वि. संचालन गर्दा इन्धनको व्यवस्था प्रयोगकर्ता स्वयम्‌ले गर्नुपर्नेछ । कार्यालयको प्रयोजनको लागि आवश्यकता बमोजिम कार्यालय स्वयम्‌ले इन्धन व्यवस्था गर्नेछ ।

(४) व्याक हो लोडर(जे.सि.वि.)को डोजर अपरेटर प्रति घण्टा सञ्चालन भत्ता रु. १२५/- र व्याक हो लोडर (जे.सि.वि.) को अपरेटर सहयोगीको प्रतिघण्टा संचालन भत्ता रु. ९०/- कायम गर्ने साथै उक्त रकम उपभोक्ता समितिको हकमा योजना तथा कार्यक्रम सम्पन्न विलबाट कट्टा गरी र निजि व्यक्ति वा सँस्थाको हकमा स्वयमले उक्त भत्ता उपलब्ध गराउनपर्नेछ । व्याक हो लोडर (जे.सि.वि.) भाडा बापत उपभोक्ता समितिको हकमा १०००/(ईन्धन बाहेक) र निजि व्यक्तिको हकमा १५००/(ईन्धन बाहेक) हुनेछ ।

(५) यस गाउँपालिकामा एक व्याक हो लोडर(जे.सि.वि.)संचालन कोष हुनेछ । सो कोषको खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखापालको सँयुक्त दस्तखतबाट हुनेछ । त्यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ -

(क) गाउँसभा वा गाउँपालिकाको निर्णय अनुसार जम्मा गरिए बापतको रकम,

(ख) गाउँपालिका वा अन्तर्गत वडा उपभोक्ता समिति तथा गाउँपालिका बाहेक व्यक्ति संस्थाबाट प्राप्त हुने भाडा वापतको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम

(६) व्याक हो लोडर (जे.सि.वि.) को अपरेटरको तलव तथा अन्य सुविधा तथा मर्मत संभार वापतको रकम तथा यस सम्बन्धि बैठक तथा अनुगमन भत्ता तथा अपरेटरको विमा वापतको आधा रकम यथासंभव व्याक हो लोडर (जे.सि.वि.)संचालन कोषको रकमबाट गरिनेछ ।

(७) अपरेटर र सहयोगीको विमा वापतको लाग्ने आधा रकम कार्यालयले व्यहोर्नेछ ।

(८) व्याक हो लोडर (जे.सि.वि.) डोजर बिग्री मर्मत सम्भार गर्नुपर्ने भएमा मर्मत सम्भार खर्च व्याक हो लोडर (जे.सि.वि.) सञ्चालन तथा अनुगमन समितिले कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।

(९)यान्त्रिक उपकरणहरुमा इन्धन समाप्त भएमा निवेदकले स्वयम् भरी उपकरणलाई अध्यावधिक गराउनुपर्नेछ ।

(१०) ब्याक हो लोडर (जे.सि.वि.) को डोजर अपरेटरको प्रतिघण्टा संचालन अभिलेख अनुसूची- १ मा भए अनुसार हुनेछ । यस गाउँपालिकाको ब्याक हो लोडर (जे.सि.वि.) वडा कार्यालय तथा उपभोक्ता समितीबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको लागि प्रयोग गर्नुपरेमा ब्याक हो लोडर (जे.सि.वि.)को डोजर तथा अपरेटर को प्रतिघण्टा सञ्चालन अभिलेख उपभोक्ता समितीको अध्यक्ष,सम्बन्धित वडामा खटिएका प्राविधिक र वडाध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

(११) जे.सि.वि. संचालन तथा अनुगमन समिति देहाय बमोजिमको हुनेछ ।

| | |
|---|---|
| (क) पूर्वाधार विकास समिति संयोजक | अध्यक्ष |
| (ख) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (ग) विपद् तथा वातावरण समिति संयोजक | सदस्य |
| (घ) सामाजिक विकास संयोजक | सदस्य |
| (ङ) सार्वजानिक सेवा तथा क्षमता विकास समिति संयोजक | सदस्य |
| (च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक शाखाको एक जना प्राविधिक | सदस्य सचिव |

(१२) ब्याक हो लोडर (जे.सि.वि.) संचालन तथा अनुगमन समितीको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हनेछ ।

क) गाउँपालिका,वडा कार्यालय तथा उपभोक्ता समितिबाट ब्याक हो लोडर (जे.सि.वि.) सञ्चालन र प्रयोग गर्नुपर्ने अवस्थाको लागि समय र तालिका व्यवस्थापन गर्ने ।

ख)व्यक्ति/संस्थाले गाउँपालिकाको ब्याक हो लोडर (जे.सि.वि.) प्रयोग गर्न चाहेमा स्वीकृतीको लागी कार्यालयमा सिफारिस गर्ने ।

घ) गाउँपालिकाको ब्याक हो लोडर (जे.सि.वि.) सर्भिसिङ्ग तथा मर्मत सम्भार गर्नुपर्ने अवस्था भएमा कार्यालयलाई जानकारी गराउने ।

१२) ब्याक हो लोडर (जे.सि.वि.) संचालन सम्बन्धमा कुनै करा स्पष्ट हुन नसकेमा यस गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१३)गाउँपालिका कार्यालयले ब्याक हो लोडर मासिक न्यूनतम एक लाख भन्दा कम नहुने गरी भाडादर कायम गरी भाडादर बढावढमा व्यक्ति तथा कम्पनीसगँ सम्झौता गरी भाडामा दिन सकिनेछ ।

आज्ञाले,

नामः सुनिल निरौला

प्रमुख प्रशासकीय अधिकृत